# सर्वोच्च अदालत र उच्च अदालतहरुको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति समीक्षा तथा मुलुकी संहिता कार्यान्वयन सम्बन्धी परामर्श कार्यक्रमको प्रेश विज्ञप्ती।

सर्वोच्च अदालतद्वारा आयोजित सर्वोच्च अदालत र उच्च अदालतहरुको आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति समीक्षा तथा मुलुकी संहिता कार्यान्वयन सम्बन्धी त्रिदिवशीय परामर्श कार्यक्रम उच्च अदालत पाटनको सभा कक्षमा सम्पन्न भयो। २०७५ साल श्रावण ६,७ र ८ गते संचालित उक्त समुद्घाटन कार्यक्रम सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री दीपकराज जोशीको प्रमुख आतिथ्यता र सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्रले अध्यक्षता गर्नु भएको थियो। सो कार्यक्रमा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, न्याय परिषदका माननीय सदस्यहरु, उच्च अदालतका माननीय मुख्य न्यायाधीशहरु, राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, न्याय परिषदका सचिव, सर्वोच्च अदालतका रजिष्ट्रार, उच्च अदालत अन्तर्गतका इजलासहरुमा मुख्य भई काम गर्ने माननीय न्यायाधीशहरु, विशेष अदालतका अध्यक्ष, वैदेशिक रोजगार न्यायाधिकरणका अध्यक्ष, राजस्व न्यायाधिकरणका अध्यक्ष, श्रम अदालतका मुद्दा हेर्ने अधिकारी, सर्वोच्च अदालतका सहरजिष्ट्रारहरु र सातैवटा उच्च अदालतहरुका रजिष्ट्रारहरुको सहभागिता रहेको थियो।

समीक्षा कार्यक्रममा आर्थिक वर्ष २०७४/०७५ मा सर्वोच्च अदालत लगायत सबै उच्च अदालतहरु र अन्तर्गतका इजलासहरुको वार्षिक कार्य प्रगतिको प्रस्तुतिकरणका साथै प्रगतिको समीक्षा र मुलुकी संहिताहरुको कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदालतबाट भइरहेका कार्यहरुका बारेमा प्रस्तुति र छलफल भएको थियो। साथै सो कार्यक्रममा मातहतका जिल्ला अदालतहरुको समेत बार्षिक कार्ययोजनाको प्रगति समीक्षा भएको थियो। न्यायापालिकाको रणनीतिक योजनाले निर्धारण गरेका लक्ष्य एवम् नतिजा परिसूचकका आधारमा आर्थिक वर्ष २०७४/०७५ को वार्षिक कार्ययोजनाहरुको कार्यान्वयनका सन्दर्भमा मुद्दाको फैसला, फैसला लेखन र फैसलाहरुको कार्यान्वयन लगायत अन्य व्यवस्थापकीय कार्यहरुको उपलब्धी, समीक्षा र सम्पन्न हुन नसकेका कार्यहरुको सम्बन्धमा सोको कारणका सम्बन्धमा समेत व्यापक छलफल भएको थियो।

समीक्षा कार्यक्रममा भएका प्रस्तुतिहरुको आधारमा सर्वोच्च, उच्च र जिल्ला अदालतहरुमा आर्थिक वर्ष २०७४/०७५ मा मुद्दाको जम्मा लगत २,१२,३९७ भएकोमा १,२०,१८९ अर्थात ५६.५९ प्रतिशत फछर्यौट भई आर्थिक वर्षको अन्त्यमा ९२,२०७ मुद्दा आगामी वर्षको लागि जिम्मेवारी सरी आएको देखिएको छ। योजनाले निर्धारण गरेको कार्यसम्पादन सूचक र संख्यात्मक एवम् अवधिगत

लक्ष्यहरुको आधारमा तीनै तहका अदालतहरुले निर्धारण गरेको वार्षिक लक्ष्यको ८०.०८ प्रतिशत प्रगति हासिल भएको देखिएको छ।

अदालतगत आधारमा हेर्दा सर्वोच्च अदालतले ११,७४५ अर्थात करिब ६१ प्रतिशत लक्ष्य हासिल गरेको छ। उच्च अदालतहरुले आर्थिक वर्ष २०७४/०७५ मा २६,१४० थान अर्थात लक्ष्यको करीव ८० प्रतिशत प्रगति हासिल भएको छ। जिल्ला अदालतहरुले आर्थिक वर्ष २०७४/०७५ मा ८२,३०४ थान अर्थात बार्षिक लक्ष्यको करीब ८४ प्रतिशत उपलब्धी हासिल भएको देखिएको छ।

जिल्ला अदालतहरुमध्ये उक्त आ.व.मा सबैभन्दा बढी अछाम जिल्ला अदालतले वार्षिक लगतको ९१ प्रतिशत मुद्दा फछर्यौट गरेको देखिएको छ। गत आर्थिक वर्षमा सम्पन्न भएका विभिन्न तहका निर्वाचनमा न्यायाधीश, लगायत अदालतमा कार्यरत कर्मचारीहरु खटिनु परेको, जनशक्ति आपूर्ति र स्रोत साधनमा कमी लगायतका विविध समस्या र कठिनाइका बाबजुद पनि मुद्दा फछर्यौटको अवस्था उत्साहप्रद रहेको छ।

त्रिदिवसीय कार्यक्रमको तेस्रो दिन हालसम्म प्रयोगमा रहेको मुलुकी ऐन लगायतका कानूनहरुलाई प्रतिस्थापन गर्दै २०७५ साल भाद्र १ गते देखि लागू हुने मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयनका लागि गर्नुपर्ने पूर्व तयारीका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुको अध्यक्षतामा गठन भएका ३ वटा छुट्टाछुट्टै समितिहरुबाट विस्तृत अध्ययन गरी तयार भएका प्रतिवेदनहरु तथा संहिताहरुको प्रभावकारी कार्यान्वयनका लागि नियमावली, निर्देशिका, दीग्दर्शनका मस्यौदाहरु एवम् विद्यमान अदालत सम्बन्धी नियमावलीहरुमा संसोधनका लागि तयार भएका मस्यौदा समेत प्रस्तुति र छलफल भयो । उपरोक्त बमोजिम गठित समितिहरुबाट तीनवटा नयाँ नियमावली र चारवटा विद्यमान नियमावलीहरुमा संसोधनको मस्यौदा तयार भएको थियो। त्यसैगरी मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, को कार्यन्वयनका लागि तयार भएको दिग्दर्शन र मुलुकी अपराध (संहिता) ऐन, २०७४ र फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयनको लागि तयार भएका अदालत व्यवस्थापन, म्याद तामेली, धरौट जमानत र फैसला कार्यान्वयन सम्बन्धी निर्देशिकाहरु समेतको मस्यौदा तयार भई छलफलमा प्रस्तुत भएको थियो। उल्लेखित नियमावली, दिग्दर्शन र निर्देशिकाहरुका सम्बन्धमा भएको छलफलबाट प्राप्त राय सुझाव र पृष्ठपोषण समेतका आधारमा आवश्यक परिमार्जन गरी अन्तिम रुप दिईने भएको छ ।

समीक्षा कार्यक्रममा गत आ.व.मा भएका विभिन्न चरणका निर्वाचनहरुमा न्यायाधीश तथा कर्मचारीहरु खटिनुपरेको अवस्था र साधन स्रोत एवम् जनशक्तिको न्यूनताको वावजुद् जे जस्तो

उपलब्धी हासिल हुन सक्यो त्यसका प्रति सन्तोष व्यक्त गरियो । लक्ष्य हासिल हुन नसकेका केही अदालतहरुबाट यस आर्थिक वर्षमा अझ बढि मेहनत र सक्रियताका साथ कार्य गर्ने प्रतिवद्धता समेत व्यक्त भएको छ। संहिताहरुको कार्यान्वयनको सन्दर्भमा गर्नुपर्ने तयारीका सम्बन्धमा हालसम्म भएका कार्यप्रति सन्तोष व्यक्त गर्दै न्यायपालिका आगामी भाद्र १ गते देखि संहिता लागू गर्न प्रतिवद्ध र तयारी अवस्थामा रहेको धारणा समेत व्यक्त भएको छ।

तीन दिन सम्म संचालित उक्त कार्यक्रममा भएका विभिन्न प्रस्तुति र छलफल सत्रको अध्यक्षता क्रमश: सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ, माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ, बरिष्ठतम माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र, माननीय न्यायाधीश श्री दीपक कुमार कार्की, माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे र माननीय न्यायाधीश श्री ईश्वर प्रसाद खतिवडाले गर्नु भएको थियो।

प्रशासकीय अदालतका रजिष्ट्रार श्री ममता खनालले संचालन गर्नु भएको उक्त त्रिदिवशीय कार्यक्रमको समापन सत्रको अध्यक्षता सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री चोलेन्द्र शम्सेर जवराले गर्नु भएको थियो। सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ, उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना एवं सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई समेतले समापन मन्तव्य व्यक्त गर्नु भएको थियो। प्रमुख अतिथि सम्माननीय कायम मुकायम प्रधान न्यायाधीश श्री दीपकराज जोशीले समीक्षा कार्यक्रममा अदालतका सबै पक्षहरुमा गहन छलफल भई आगामी दिनमा अदालतहरुको काम कारवाहिमा अझ प्रभावकारिता आउने अपेक्षा राख्नु हुँदै सहभागी सबैमा हार्दिक शुभकामना समेत व्यक्त गर्नुभएको थियो। समापन सत्रको अध्यक्षता गर्नुभएका सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री चोलेन्द्र शम्सेर जवराले त्रिदिवशीय समीक्षा कार्यक्रममा वर्ष भरिमा अदालतहरुबाट सम्पन्न भएका काम कारवाहीहरुको समग्र पक्षमा गम्भीर समीक्षा हुनका साथै छलफलबाट पहिचान भएका समस्या र चुनौतिहरुको समाधान गर्ने दिशामा समेत आगामी दिनहरुमा अझ ठोस् पहल गर्नु पर्ने धारणा व्यक्त गर्दै सबै सहभागीहरुलाई कार्यक्रममा सक्रीय सहभागिताका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो।